| २०७७ बैशाख १ देखि भदौ ६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२७ | ५३ | १८७ | १४ | २४ | ७ | ५२ | ० | १६५ | **२९३** | **७७** | **३५९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ६ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २२५ | ५३ | १८६ | ११ | २३ | ५ | २२ | ० | ४६ | **२५८** | **७६** | **२३७** |
| **२०७७ भदौ ६ देखि ७ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| २ | ० | **२** | ० | ० | **०** | ० | ० | **०** | **२** | ० | **२** |

# दैनिक विपद् बुलेटिन

## ६ भदौ विहान १०:०० बजेदेखि ७ भदौ विहान १०:०० बजेसम्म

**नेपालमा** विभिन्न जिल्लामा गरेर आज ७ स्थानमा **आगलागी,** १ स्थानमा **सर्पदंश**का घटना घटेका छन् । **सर्पदंश**बाट १ जना **घाईते** भएको छ । **आगलागी**का कारण **६३ लाख २७ हजार रुपैंया** बराबरको धनमान क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ० | ८ | १ | ६३,२७,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का ८ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक** थप अपडेट मिति २०७७।४।३० गते जुगल गाउँपालिका वडा नं २ लिदीमा गएको पहिरोमा परि बेपत्ता भएकाहरु मध्ये बर्ष ३५ की एक जना र बर्ष ४ की एक जना गरी **२ जनाको शव** फेला परेको । **हालसम्म जम्मा ३२ जनाको मृत्यु, ७ जना बेपत्ता, ५ जना घाईते (बेपत्ता थपघट हुन सक्ने)**
- **दाङ्गको** बंगलाचुली गाउँपालिका वडा नं ८ स्थित प्रहरी चौकी हँसिपुरमा कार्यरत एक प्रहरी जवानलाई कार्यालयमा सेन्ट्री डिउटी खटिएको अवस्थामा हरियो **सर्पले बाँया खुट्टामा टोकी घाईते** ।
- **धनुषा**को क्षिरेश्वर नगरपालिका वडा नं ३ पकडियास्थित एक घरमा खाजा पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा घर भित्र रहेका अन्नपात, लत्ताकपडा, फ्रिज, सिलाई मेसिन, फर्निचरका सामान, जलि **१ लाख ४० हजार रुपैंया** बराबरको क्षति ।
- **कपिलवस्तु**को यशोधरा गाउँपालिका वडा नं ३ लोहरौलिस्थित एक किराना पसलमा **आगलागी** हुँदा पसल भित्र रहेका सामान, नगद **५० हजार रुपैंया** बरावरको क्षति ।

## घट्ना सारांश...

- **स्याङ्जा**को वालिङ नगरपालिका वडा नं १२ डाडाखर्कस्थित एक गोठमा अचानक **आगलागी** हुँदा गोठ पुर्ण रुपमा जलि नष्ट । वालिङ नगरपालिका वडा नं ८ जैसी पधेरास्थित एक घरको भान्सा कोठामा खाना बनाउने क्रममा सिलिण्डर लिग भई **आगलागी** हुँदा घर पूर्ण रूपमा जली **६ लाख रुपैंया** बराबरको क्षति ।
- **उदयपुर**को कटारी नगरपालिका वडा नं ५ भुल्केस्थित एक घरमा कोही नभएको अवस्थामा अचानक **आगलागी** हुँदा घरभित्र रहेको अन्नपात, लत्ता कपडा, भाँडावर्तन, काठपात जली **२५ लाख रुपैंया** बराबरको क्षति ।
- **सुनसरी**को रामधुनी नगरपालिका वडा नं ४ स्थित एक काठ र टिनको घुम्ति पसलमा अचानक **आगलागी** भई पसलको सामान र घुम्ती नजिकै राखेको खुँगीमा भएका १० वटा कुखुरा र ५ वटा हाँस समेत पुर्ण रुपमा जली **३७ हजार रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट सर्पदंशका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पठाइएको, सिन्धुपाल्चोकको लिदी पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

भदौ-०७ (आईतबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ । आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, पश्चिम राप्ती, बबई लगायतमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने । आज कमला, बागमती र यसका स-साना सहायक नदीमा बहाब सामान्य बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज राती पाँचथर, संखुवासभा, भोजपुर, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली, पर्सा, बारा, रौतहट, सर्लाही, काभ्रेपलाञ्चोक, काठमाडौं उपत्यका, सिन्धुपाल्चोक, रसुवा, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, पाल्पा, नवलपरासी र आसपास जिल्ला भइ बहने स-साना नदीमा बहाब केहि बढ्ने तर सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज प्रदेश १, २, बागमती प्रदेश र गण्डकी प्रदेशको केहि पहाडी जिल्लामा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केहि बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**

नोट :पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइट:http://hydrology.gov.np/

## वर्षाको सारांश

भदौ ०६ गते बिहान ०८:४५ बजे देखि भदौ ०७ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/०७ गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४३ र स्वचालितः १४४) मा मापन गरिएको वर्षाको विवरण अनुसार १२१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१२०.४ मि. मी.) सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ४ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २० वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४६ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**